नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी युनाइटेड मिशन टु नेपाल (UMN) ले मिसन अस्पताल, पाल्पाको लागि Singapore बाट खरिद गरिने JPY १०,०५,३१९.०० (दश लाख पाँच हजार तीन सय उन्नाईस) मूल्य वराबरको Endoscope Set and Accessories तथा Germany बाट खरिद गरिने यूरो ४,७००.०० (चार हजार सात सय) मूल्य बरावरको OT Light and Accessories आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र स्वीस सरकारबीच ९ नोभेम्बर, २००६ मा सम्पन्न सम्झौता अनुसार स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालित District Roads Support Programme, Phase Three का लागि Swiss Government बाट खरिद गरी पैठारी गरिने JPY ९,९६०.०० (नौ हजार नौ सय साठी) मूल्य बराबरको SAKAI VIBERATORY ROLLER थान दुई को आयातमा लाग्ने सर्म्पूण कर, महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालका लागि Nepalimed, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने स्वीस फ्राँक २,९९९.०० (दुई हजार नौ सय उनान्सय) मूल्य वरावरको स्वास्थ्य सामग्रीहरु आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारीरिक रुपले अपाङ्ग भएका बारा जिल्ला, सिमरा-४ का श्री भोलाप्रसाद अधिकारीले खरिद गरी ल्याउने एक थान चार पाङ्ग्रे स्कूटरको आयातमा लाग्ने अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारीरिक रुपले अपाङ्ग भएका अर्घाखाँची जिल्ला, पाली-२ का श्री माधव पौडेलले खरिद गरी ल्याउने एक थान चार पाङ्ग्रे स्कूटरको आयातमा लाग्ने अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं स्थित ब्रिटिश गोर्खाका लागि भारत तथा तेस्रो मुलुकबाट खरिद गरी पैठारी गरिने स्टर्लिङ्ग पाउण्ड १४,६७,०००.०० (चौध लाख सतसट्ठी हजार) मूल्य बराबरको Generators, Water filtering equipment, CCTV, motor vehicles समेतका सामग्रीमा आ.व. २०६७०६८ मा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
भेषराज शर्मा
सहसचिव



१४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।